जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर। म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !!-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०५०/५१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक २४१ • २०८३ असार ७ गते आईतवार • 21 Jun. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## ११ महिनामा ३० अर्ब रुपैयाँभन्दा बढी राजस्व संकलन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ असार**



मधेश प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो ११ महिनामा ३० अर्ब रुपैयाँभन्दा बढी राजस्व संकलन गरेको छ । प्रदेश सरकारको अर्थ मन्त्रालयका अनुसार जेठ मसान्तसम्म कुल ३० अर्ब १७ करोड १४ लाख ७३ हजार रुपैयाँ राजस्व प्राप्त भएको हो। मन्त्रालयका सूचना अधिकारी अंशुकुमार झाले प्रदेशको आन्तरिक राजस्व संकलन ४ अर्ब ५९ करोड ३३ लाख ८४ हजार रुपैयाँ पुगेको जानकारी दिए ।

प्रदेश सरकारको प्रमुख आन्तरिक आयस्रोतका रूपमा घरजग्गा रजिस्ट्रेशन तथा सवारीसाधन कर रहेका छन्। उनका अनुसार समीक्षा अवधिमा घरजग्गा रजिस्ट्रेशन शुल्कबाट १ अर्ब १८ करोड १२ लाख ९५ हजार रुपैयाँ तथा सवारीसाधन करबाट २ अर्ब १ करोड ५० लाख ५० हजार रुपैयाँ राजस्व संकलन भएको छ । यस्तै, सवारी चालक अनुमतिपत्र वितरण र सवारी दर्ता दस्तुरबाट ६८ करोड ८२ लाख ७० हजार रुपैयाँ, यातायात क्षेत्रसम्बन्धी अन्य आम्दानीबाट ११ करोड १० लाख ५९ हजार रुपैयाँ तथा दहत्तर-बहत्तर बिक्रीबाट १० करोड ९ लाख ३५ हजार रुपैयाँ राजस्व प्राप्त भएको मन्त्रालयले जनाएको छ । प्रदेश सरकारलाई संघीय राजस्व बाँडफाँटमार्फत पनि उल्लेख्य रकम प्राप्त भएको छ । मूल्य अभिवृद्धि कर (भ्याट) बाँडफाँटबाट ७ अर्ब ७५ करोड ६४ लाख ९९ हजार रुपैयाँ तथा अन्तःशुल्क करबाट २ अर्ब ७७ करोड ४१ लाख रुपैयाँ प्राप्त भएको मन्त्रालयको तथ्यांकमा उल्लेख छ । त्यसैगरी, संघीय सरकारबाट समानीकरण अनुदानअन्तर्गत ७ अर्ब ६ करोड १६ लाख ७८ हजार रुपैयाँ प्राप्त भएको छ । सशर्त अनुदान चालुतर्फ २ अर्ब १७ करोड २७ लाख ७२ हजार रुपैयाँ तथा पुँजीगततर्फ १ अर्ब ५६ करोड ३० लाख ४० हजार रुपैयाँ प्रदेश सरकारले प्राप्त गरेको जनाएको छ । मन्त्रालयका अनुसार आर्थिक क्षेत्रमा देखिएको तरलता अभाव, घरजग्गा कारोबारमा आएको सुस्तता, नयाँ सवारीसाधन खरिद बिक्रीमा कमी तथा गत भदौ २३ र २४ गतेको जनमत पार्टी नेतृत्वको आन्दोलनका क्रममा राजस्व संकलन गर्ने निकायहरूमा पुगेको क्षतिका कारण अपेक्षाअनुसार राजस्व उठ्न नसकेको हो। राजस्व संकलनमा चुनौती रहे पनि चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा प्रदेश सरकारको आय संकलन सन्तोषजनक रहेको अर्थ मन्त्रालयले जनाएको छ।

## सप्ताहव्यापी सचेतना अभियान सुरु





**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ असार**

लागुऔषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्ध जनचेतना फैलाउने उद्देश्यले धनुषामा सप्ताहव्यापी सचेतना अभियान सुरु गरिएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाको आयोजनामा असार ६ देखि १२ गतेसम्म सञ्चालन हुने अभियानको पहिलो दिन सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो। 'लागुऔषधको चुनौती चिनौं, सामाजिक समाधानको बाटो खोजौं' भन्ने नारासहित सुरु गरिएको अभियानको उद्घाटन कार्यक्रममा प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले लागुऔषधको समस्या समाजकै साझा चुनौतीका रूपमा विकसित भइरहेको बताए ।

उनले लागुऔषधको बढ्दो प्रयोगका कारण विशेषगरी युवा पुस्ता बढी जोखिममा परेको उल्लेख गर्दै यसको नियन्त्रणका लागि प्रशासन, सुरक्षा निकाय, परिवार, विद्यालय र समुदायबीच प्रभावकारी सहकार्य आवश्यक रहेको धारणा राखे । पारिवारिक विखण्डन र कलहले पनि युवाहरूलाई लागुऔषधतर्फ धकेल्ने गरेको भन्दै उनले सामाजिक तथा पारिवारिक वातावरण सुधार्नुपर्ने आवश्यकता औंल्याए। प्रमुख जिल्ला अधिकारी लुइँटेलले मधेश प्रदेश सरकारसँगको समन्वयमा लागुऔषध विरुद्धको अभियान सञ्चालन भइरहेको जानकारी दिँदै यसलाई स्थानीय तह हुँदै वडा स्तरसम्म विस्तार गर्ने लक्ष्य रहेको बताए ।

अन्तरक्रिया कार्यक्रममा जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रुपेश खड्का, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी तथा विभिन्न सरकारी कार्यालय, सुरक्षा निकाय र सामाजिक संघसंस्थाका प्रतिनिधिहरूले लागुऔषध नियन्त्रणका लागि सामूहिक प्रयासको आवश्यकता औंल्याएका थिए ।




**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रुपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा आछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं**
**चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




# महिला सहभागिताको विषय

लैंगिक समानताको अर्थ महिलालाई विशेष सुविधा दिनुमात्र नभई उनीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्न पुरुष सरह अवसर प्रदान गर्नु रहेको छ। जब विद्यालय र समाजका खेल मैदान सुरक्षित हुन्छ, जब परिवारले छोरीको खेलप्रतिको रुचिलाई सम्मान गर्छन । जब खेलकुद नीतिहरू समावेशी बन्छ र जब समाजले महिला खेलाडीलाई पनि समान सम्मान दिन्छन, तब सहभागिता स्वाभाविक रूपमा बढ्छन। आज आवश्यक कुरा महिलाको योगदानमाथि प्रश्न उठाउनु नभई, उनीहरूको सहभागिता बढाउन आवश्यक संरचना निर्माण गर्नु रहेको छ । खेलकुदमा महिलाको उपस्थिति बढ्नु भनेको केवल पदक जित्नु होइन; आत्मविश्वास, नेतृत्व, स्वास्थ्य र सामाजिक समानताको विस्तार पनि रहेको छ। त्यसैले प्रश्न 'महिलाहरू भूमिकाविहीन हुन् त ?' होइन । सही प्रश्न त यो हो- 'के हामीले महिलाहरूलाई आफ्नो भूमिका प्रदर्शन गर्न पर्याप्त अवसर दिएका छौं ?' जब यो प्रश्नको इमानदार उत्तर खोज्न थाल्छौं, तबमात्र विश्वकप होस् वा जीवनको कुनै पनि क्षेत्र, महिलाको सहभागिता शून्य होइन सराहनीय हुनेछन ।

अन्ततः महिला सहभागिताको विषय केवल खेलकुदको नभई समग्र समाज र देशकै विकाससँग जोडिएको देखिन्छ। जबसम्म छोरीहरूले स्वतन्त्र रूपमा मैदानमा उत्रिने समान अवसर र सम्मान पाउँदैन, तबसम्म समानताका नाराहरू अपूरै रहनेछ । प्रतिभा लिंगले होइन, अवसरले हुर्किन्छन। त्यसैले, आधा आकाशलाई निर्धक्क मैदानमा प्रवेशको बाटो खोल्नु र खेल्ने वातावरण दिनु आजको अपरिहार्य आवश्यकता रहेको देखिन्छ ।

## साउनदेखि आफ्नै भवनबाट सेवा दिने धनुषाधाम नगरपालिका, ५७ करोड २० लाखको बजेट सार्वजनिक

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ६ असार**



धनुषाको धनुषाधाम नगरपालिकाले आगामी साउनको दोस्रो सातादेखि आफ्नै प्रशासनिक भवनबाट सेवा प्रवाह गर्ने भएको छ। धनुषाधाम नगरपालिकाको १८औं नगरसभालाई सम्बोधन गर्दै नगर प्रमुख बालेश्वर मण्डलले हाल धर्मशाला भवनबाट सञ्चालन हुँदै आएको नगर पालिकाको कार्यालय अब निर्माण सम्पन्न हुँदै गरेको आफ्नै भवनमा सारिने जानकारी दिएका हुन्।नगरसभामा अफ्नो मन्तव्य राख्दै मेयर मण्डलले आफूले नेतृत्व सम्हालेको समय र हालको अवस्थाबीच नगरपालिकामा ठूलो परिवर्तन आएको दाबी गरे। उनले कृषि, स्वास्थ्य, सडक तथा पूर्वाधार विकासका क्षेत्रमा नगरपालिकाले उल्लेखनीय काम गरेको बताए। उनका अनुसार नगरका प्रत्येक वडामा स्वास्थ्य सेवा विस्तार, सडक निर्माण तथा स्तरोन्नति र कृषि क्षेत्रको विकासका लागि विभिन्न योजना कार्यान्वयन गरिएको छ। "हामीले धेरै काम गरेका छौं, तर पनि केही भएन भन्नेहरू छन्। विरोध गर्नु विपक्षीको काम हो, उनीहरू जुनसुकै अवस्थामा पनि विरोध गरिरहन्छन्," मेयर मण्डलले भने। मेयर मण्डलले राष्ट्रिय योजना आयोगसँग पहल गरी नगरपालिकाका लागि करोडौं रुपैयाँ बजेट ल्याउन सफल भएको उल्लेख गर्दै निर्माणाधीन प्रशासनिक भवनबाट छिट्टै सेवा सञ्चालन हुने बताए। साथै धनुषाधामस्थित ऐतिहासिक धनुष मन्दिरको विकासका लागि राष्ट्रिय सभा सदस्य आनन्द प्रसाद ढुंगानाको पहलमा बजेट प्राप्त भएको र यस वर्ष मन्दिर क्षेत्रको विकासले गति लिने विश्वास व्यक्त गरे।

नगरसभामा स्वरोजगार शाखा प्रमुख अनिलकुमार यादवले स्वागत मन्तव्य र ाखेका थिए। कार्यक्रममा विभिन्न शाखाका प्रमुखहरूले आ-आफ्नो शाखासँग सम्बन्धित नीति, योजना तथा कार्यक्रम प्रस्तुत गरेका थिए। नगरसभाले आर्थिक वर्ष २०८३/०८४ का लागि ५७ करोड २० लाख ४ हजार रुपैयाँ बराबरको बजेट प्रस्तुत गरेको छ। कार्यक्रममा नगर उपप्रमुख विद्या देवी भुजेल, प्रमुख प्रशासकीय अधिकृत मीनबहादुर भट्टराई, कार्यपालिका सदस्य, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो।

नगर प्रमुख मण्डलले नगरसभाबाट पारित नीति तथा कार्यक्रमलाई प्रभावकार ी रूपमा कार्यान्वयन गर्न सबै पक्षलाई आग्रह गर्दै नगरवासीको सुख, शान्ति र समृद्धिको कामना गरेका छन्।

## स्रोत नखुलेको ३२ लाख नगदसहित दुईजना पक्राउ



**जलेश्वरटुडे समाचारदाता**
**सर्लाही, ६ असार**

सर्लाही प्रहरीले स्रोत नखुलेको ३२ लाख रुपैयाँ नगदसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ परेकामाथि हुण्डी कारोबारसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार पक्राउ पर्नेमा रामनगर गाउँपालिका-३ निवासी गुड्डु कुमार यादव र रामनगर गाउँपालिका-१ निवासी २४ वर्षीय रुपेश कुमार यादव रहेका छन् ।

प्रहरीले असार ४ गते भारतबाट नेपालतर्फ आउँदै गरेको मधेश प्रदेश ०५-००१ प ११०६ नम्बरको मोटरसाइकललाई मलङ्गवा नगरपालिका-१० स्थित झिम पुल क्षेत्रमा जाँच गर्ने क्रममा उनीहरूलाई नियन्त्रणमा लिएको थियो । सो क्रममा उनीहरूको साथबाट ३२ लाख रुपैयाँ नगद बरामद भएको प्रहरीले जनाएको छ । प्रारम्भिक अनुसन्धानका क्रममा बरामद रकमको वैध स्रोत खुलाउन नसकेपछि दुवै जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी वेदप्रसाद गौतमले जानकारी दिए । प्रहरीले उनीहरूमाथि हुण्डीसम्बन्धी कसुरमा अनुसन्धान गर्न अदालतबाट सात दिनको म्यादसमेत लिइसकेको छ । बरामद रकमको स्रोत, प्रयोग तथा सम्भावित अवैध वित्तीय कारोबारका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । खुला सीमाका कारण सीमावर्ती क्षेत्रमा अवैध रकम ओसारपसार तथा हुण्डी कारोबार नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको बेला सर्लाही प्रहरीले ठूलो परिमाणको नगद बरामद गर्न सफल भएको हो ।


## सूचना ! सूचना !! सूचना !!!

**- उत्पादन मुलक साझेदारीको माध्यमबाट कृषि बजार श्रृंखला मजबुत गर्ने ।**

**- संघिय संरचनामा आवश्यक नितिगत खाका उपयुक्त संरचनाहरु र अन्य सहयोगी सेवाहरु मार्फत उद्यमशिल वातावरण निर्माण गर्न सहयोग पुऱ्याउने ।**

**- कोभिड १९ को असरबाट प्रभावित खाद्य आपुर्ति श्रृंखला सुधार गर्ने र स्थानिय अर्थ व्यवस्था सुदृढ गर्ने ।**

**ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना**
**आर्थिक करीडोर कार्यालय**
**बर्दिबास महोत्तरी, मधेश प्रदेश**


### तपाईको टुडे

मेषः खानपानमा समस्या आउने
वृषः मनमा पछुतो आउने
मिथूनः पिछडेको साथी मिल्ने
कर्कटः विचार गरेर बोल्नुहोला
सिंहः अशुभ समाचार प्राप्त हुने
कन्याः पढाईमा ध्यान दिनुपर्ने
तुलाः शुभ कार्यको शुरुवात
वृश्चिकः मित्रतामा फाटो आउने
धनुः अनावश्यक खर्चको संभावना
मकरः अनावश्यक चिन्ता
कूम्भः लामो यात्राको योग छ
मीनः आम्दानी हुने


### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


### आवश्यक टेलिफोन नम्बरहरु

**जलेश्वर**

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

**जनकपुर**

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०५:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०६:३० बजे |
| राति ढोका बन्द हुने समय | १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| विहान पुजा आरती | ०७:३० बजे |
| विहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:३० बजे |

# जानकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलमा डायलासिस सेवा सञ्चालन



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ६ असार**

धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-५ रमदैया भवाडीस्थित जानकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलमा डायलासिस सेवा सञ्चालनमा आएको छ ।

मिर्गौला रोगबाट पीडित बिरामीलाई सहज, सुलभ र स्थानीयस्तरमै उपचार सेवा उपलब्ध गराउने उद्देश्यले अस्पतालले पाँच शैय्याको डायलासिस इकाइ सञ्चालनमा ल्याएको हो । एक विशेष कार्यक्रमबीच क्षिरेश्वरनाथ नगरपालिकाका नगरप्रमुख सुखदेव यादवले सेवाको औपचारिक उद्घाटन गर्दै स्वास्थ्य सेवाको विस्तारले स्थानीय नागरिकलाई ठूलो राहत पुग्ने विश्वास व्यक्त गरे । उनले मिर्गौला रोगका बिरामीले उपचारका लागि टाढाटाढासम्म जानुपर्ने बाध्यता अब क्रमश: कम हुँदै जाने बताए ।

अस्पतालका डाइरेक्टर अमितरञ्जन मिश्राले मधेश प्रदेशका विभिन्न जिल्लाका मिर्गौला रोगीहरू नियमित डायलासिसका लागि अन्य शहर धाउन बाध्य भइरहेको अवस्थामा नयाँ सेवा सुरु गरिएको जानकारी दिए । समयमै डायलासिस सेवा नपाउँदा बिरामीले थप जटिल स्वास्थ्य समस्या भोग्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै उनले स्थानीयस्तरमा सेवा विस्तारले उपचार पहुँच बढाउने बताए ।

नेपालमा मिर्गौला सम्बन्धी रोगीको संख्या उल्लेख्य रहेको उल्लेख गर्दै मिश्राले नयाँ सेवाले बिरामी र उनका परिवारलाई आर्थिक तथा मानसिक दुवै रूपमा राहत पुग्ने विश्वास व्यक्त गरे । सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै अन्य स्वास्थ्य संस्थाको तुलनामा सुलभ शुल्कमा सेवा उपलब्ध गराइने पनि उनले बताए । मधेश प्रदेशमा पछिल्लो समय मिर्गौला रोगीको संख्या बढ्दै गएको अवस्थामा स्थानीय स्तरमा डायलासिस सेवा विस्तार हुनु स्वास्थ्य क्षेत्रका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । यसअघि धेरै बिरामीहरू उपचारका लागि जनकपुरधाम बाहिरका अस्पताल पुग्नुपर्ने बाध्यता रहेको थियो ।

नयाँ सेवा सञ्चालनसँगै बिरामीले समय, खर्च र उपचार पहुँचका हिसाबले सहजता पाउने विश्वास गरिएको छ । उद्घाटन कार्यक्रममा जानकी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटलका निमित्त प्रमुख रामबहादुर यादव, क्षिरेश्वरनाथ नगरपालिका-१ का वडाध्यक्ष मकेश्वर यादव, चिकित्सक, स्वास्थ्यकर्मी तथा स्थानीय सरोकारवालाहरूको उपस्थिति रहेको थियो ।

# रामजानकी रङ्गशालामा महिला टी-२० क्रिकेटको रौनक, मुख्यमन्त्री यादवद्वारा प्रतियोगिता उद्घाटन

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, ६ असार**

जनकपुरधामस्थित निर्माणाधीन रामजानकी बहुउद्देश्यीय अन्तर्राष्ट्रिय रङ्गशालामा राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको रौनक सुरु भएको छ। निकोस कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको उद्घाटन मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले गर्नुभएको हो।
उद्घाटन समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले विश्व तथा नेपालमा क्रिकेटको लोकप्रियता बढ्दै गएको उल्लेख गर्दै खेलकुद क्षेत्रको विकासका लागि प्रदेश सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताउनुभयो।उहाँले बहुप्रतीक्षित रामजानकी अन्तर्राष्ट्रिय रङ्गशाला निर्माणका लागि २५६ करोड रुपैयाँको टेण्डर प्रक्रिया अघि बढाएर यसै वर्ष शिलान्यास गरिने जानकारी दिनुभयो। आफू भौतिक पूर्वाधार मन्त्री रहेको समयमा नै रङ्गशालाको डीपीआर निर्माण प्रक्रिया अघि बढाइएको उल्लेख गर्दै उहाँले भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको जनकपुर धाम भ्रमणका क्रममा घोषणा भएको सहयोगलाई संघ सरकारसँग समन्वय गरी अगाडि बढाइएको स्मरण गर्नुभयो। मुख्यमन्त्री यादवले मधेश




प्रदेशका विभिन्न जिल्लामा रहेका खेलकुद संरचनाको स्तरोन्नतिका लागि आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गरिएको बताउँदै सीमित स्रोतका बीच पनि खेल क्षेत्रको विकास सरकारको प्राथमिकतामा रहेको स्पष्ट पार्नुभयो।मधेश खेलकुद परिषद्का सदस्य सचिव शिवजीप्रसाद कानुले 'खेली मधेश, जीती मधेश' नारासहित खेलाडीको वृत्ति विकासका लागि प्रत्येक खेलाडीलाई मासिक २ हजार ५ सय रुपैयाँ प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो। कार्यक्रममा नेपाल खेलकुद महासंघका अध्यक्ष परशुराम बस्नेत, नेपाल क्रिकेट संघका उपाध्यक्ष रोशन सिंह, महासंघका महासचिव धर्म लामालगायतले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो। उद्घाटन कार्यक्रममा मधेश खेलकुद परिषद्का बोर्ड सदस्य तथा मधेश प्रदेश एथलेटिक्स संघका अध्यक्ष दीपेन्द्र कुमार गोइत, प्रशासन प्रमुख मोहम्मद ज्याउल इस्लाम, तालिम तथा प्रशिक्षण विभाग प्रमुख भरत यादवलगायतको उपस्थिति रहेको थियो।
कार्यक्रमको सञ्चालन सरोज मिश्रले गर्नुभएको थियो।
प्रतियोगितामा सात प्रदेशका महिला क्रिकेट टोलीसहित सशस्त्र प्रहरीको महिला टोली गरी आठ टोलीको सहभागिता रहेको छ। उद्घाटन खेल मधेश प्रदेश र कोशी प्रदेशबीच हुदैं छ।

**सूचना ! सूचना !! सूचना !!!**

**कृषि यान्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गरी समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।**

**बिउ बिजन प्रयोगशाला**
**महोत्तरी जलेश्वर, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**कृषि यान्त्रीकरण मार्फत कृषि क्षेत्रलाई आधुनिक र व्यवसायिक कृषिमा रुपान्तरण गरी समुन्नत र दिगो कृषि विकासमा जोड दिऔं ।**

**कृषि ज्ञान केन्द्र**
**जलेश्वर महोत्तरी, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**नहर सार्वजनिक सम्पती हो, नहरको रेखदेख गर्नु सबैको कर्तव्य हो । नहर सफा राख्नु सबैको दायित्व हो । नहरको जमीन अतिक्रमण गर्नु हुदैन । सरकारले निर्धारण गरेको नहरको क्षेत्रफल भित्रको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको बरखिलाफ हो ।**

**भु-तथा जलाधार व्यवस्थापन कार्यालय**
**जलेश्वर महोत्तरी, मधेश प्रदेश**

**सूचना ! सूचना !! सूचना !!!**

**सडक हामी सबैको साझा सम्पति हो । सडक सिमा अतिक्रमण नगरौं । सिमा भित्र फोहर, गोबर, खरानी लगायतका सामानहरु नराखौ । निर्माण समग्री थुपार्ने ढल निकास गर्ने जस्ता कार्यहरु नगरौं । सडकमा दुर्घटनाबाट आफु पनि जोगिऔं र अरुलाई पनि जोगाऔं ।**

**सडक डिभिजन कार्यालय (विपि हाईवे)**
**बर्दिवास महोत्तरी मधेश प्रदेश**

# प्रदेशमा प्रहरी अधिकार, उत्तरदायित्व र राष्ट्रिय सुरक्षाको प्रश्न



-प्रेमचन्द्र झा

-नेपालको संघीय संरचना कार्यान्वयनमा आएपछि अधिकार बाँडफाँडको बहस निरन्तर चलिरहेको छ। संविधानले संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको स्पष्ट विभाजन गर्ने प्रयास गरे पनि कतिपय विषयमा अझै राजनीतिक र प्रशासनिक मतभेद कायम छन्। त्यसमध्ये सबैभन्दा संवेदनशील विषय हो–प्रहरी प्रशासन र त्यसको नियन्त्रण। प्रदेशलाई प्रहरीको पूर्ण अधिकार दिनुपर्छ भन्ने एकथरीको धारणा छ भने अर्को पक्षले राष्ट्रिय सुरक्षा, संस्थागत स्थायित्व र राजनीतिक यथार्थका आधारमा त्यसप्रति गम्भीर प्रश्न उठाइरहेको छ।

संघीयता लोकतान्त्रिक शासन प्रणालीको एउटा आधुनिक अभ्यास हो। तर संघीयता आफैंमा अन्तिम लक्ष्य होइन; यसको उद्देश्य जनतालाई नजिकबाट सेवा उपलब्ध गराउने, निर्णय प्रक्रियामा सहभागिता बढाउने र विकासलाई प्रभावकारी बनाउने हो। त्यसैले संघीयताको सफलताको मूल्यांकन अधिकार हस्तान्तरणको मात्र आधारमा हुँदैन, ती अधिकार प्रयोग गर्ने संस्थागत क्षमता, राजनीतिक संस्कार र जवाफदेहिताको आधारमा पनि हुन्छ। नेपालमा प्रदेश सरकारहरूको अनुभव अझै प्रारम्भिक चरणमै छ। संघीयता कार्यान्वयन भएको करिब एक दशक पुग्न लाग्दा प्रदेश सरकारहरूले अपेक्षित उपलब्धि हासिल गरे कि गरेनन् भन्ने विषयमा सार्वजनिक बहस भइरहेको छ। कतिपय प्रदेशले प्रशासनिक संरचना निर्माण, सेवा प्रवाह र विकास योजनामा केही प्रगति गरेका छन् भने कतिपय प्रदेशमा राजनीतिक अस्थिरता, बजेट कार्यान्वयनको कमजोरी, प्रशासनिक हस्तक्षेप र सुशासनसम्बन्धी प्रश्नहरू बारम्बार उठेका छन्। विशेषगरी मधेश प्रदेशबारे सार्वजनिक रूपमा विभिन्न आलोचना र आरोपहरू सुनिँदै आएका छन्। विकास आयोजनाको छनोटमा राजनीतिक प्रभाव परेको, प्रशासनिक नियुक्तिमा हस्तक्षेप भएको, बजेट खर्चमा पारदर्शिता कमजोर रहेको तथा सरकारी संरचनाहरू राजनीतिक स्वार्थको प्रभावमा परेको जस्ता आरोपहरू समय-समयमा सार्वजनिक बहसको विषय बनेका छन्। यी सबै आरोपहरू कानुनी रूपमा प्रमाणित भइसकेका निष्कर्ष होइनन्। तर यस्ता प्रश्नहरू बारम्बार उठिरहनु आफैंमा सुशासनको अवस्थाबारे चिन्ता व्यक्त गर्ने आधार अवश्य हो। यही पृष्ठभूमिमा प्रदेश प्रहरीको बहसलाई हेर्नुपर्छ। प्रहरी सामान्य प्रशासनिक कार्यालय होइन। प्रहरी राज्यको कानुनी अधिकारको प्रत्यक्ष प्रतिनिधि संस्था हो। नागरिकको सुरक्षा, सार्वजनिक शान्ति, अपराध अनुसन्धान, कानुन कार्यान्वयन र संवैधानिक व्यवस्थाको संरक्षणसँग जोडिएको संगठन हो। यस्तो संस्थाको प्रभावकारिता केवल कानुनमा आधारित हुँदैन; यसको व्यावसायिकता, तटस्थता र राजनीतिक प्रभावबाट स्वतन्त्र रहने क्षमतामा निर्भर हुन्छ।

नेपाल प्रहरीले विगतका सात दशकभन्दा बढी अवधिमा विभिन्न राजनीतिक प्रणाली, शासन व्यवस्था र सामाजिक परिवर्तनका बीच आफ्नो भूमिका निर्वाह गरेको छ। प्रजातन्त्रको पुनःस्थापना, सशस्त्र द्वन्द्व, शान्ति प्रक्रिया, संविधान निर्माण, प्राकृतिक विपत्ति तथा दैनिक सुरक्षा चुनौतीहरूमाझ यस संस्थाले राष्ट्रिय स्तरमा कार्य गर्दै आएको छ। आलोचना र कमजोरीहरू हुँदाहुँदै पनि नेपाल प्रहरीको एउटा महत्वपूर्ण विशेषता भनेको यसको राष्ट्रिय चरित्र हो। मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्म एउटै कमान्ड संरचनामा सञ्चालन हुने यो संस्था नेपालको राष्ट्रिय एकता र कानुनी शासनको आधारस्तम्भमध्ये एक मानिन्छ। यही कारणले प्रहरी संगठनलाई प्रदेश सरकारको पूर्ण नियन्त्रणमा दिने प्रस्तावलाई धेरैले केवल प्रशासनिक विषयका रूपमा नभई राष्ट्रिय सुरक्षाको विषयका रूपमा हेर्ने गरेका छन्। प्रश्न उठ्छ–के अहिलेको राजनीतिक र प्रशासनिक अवस्था त्यस्तो निर्णयका लागि पर्याप्त परिपक्व भइसकेको छ? सुरक्षा निकायको तटस्थता लोकतन्त्रको आधारभूत आवश्यकता हो। प्रहरीको सरुवा, बढुवा, अनुसन्धान र कारबाही कानुन र संस्थागत प्रक्रियाबाट निर्देशित हुनुपर्छ। यदि सुरक्षा संगठनको भविष्य राजनीतिक नेतृत्वको प्रत्यक्ष नियन्त्रणमा जान थाल्यो भने त्यसले प्रहरीको व्यावसायिक स्वतन्त्रतामा असर पार्न सक्छ। विशेषगरी राजनीतिक संस्कार अझै पूर्ण रूपमा संस्थागत हुन नसकेको समाजमा यस्तो जोखिमलाई हल्का रूपमा लिन मिल्दैन। नेपालको राजनीतिक इतिहास हेर्दा राज्यका निकायहरूलाई राजनीतिक प्रभावबाट मुक्त राख्न संघर्ष गर्नुपरेको यथार्थ छ। प्रशासनिक सेवा, सार्वजनिक संस्थान, विश्वविद्यालय र विभिन्न संवैधानिक निकायहरूमाथि समेत राजनीतिक प्रभावका बहसहरू निरन्तर चलिरहेका छन्। यस्तो अवस्थामा सुरक्षा निकायलाई थप राजनीतिक प्रभावको सम्भावनाभित्र धकेल्नु बुद्धिमानीपूर्ण कदम नहुन सक्छ भन्ने मतलाई सहजै अस्वीकार गर्न सकिँदैन। संघीयताका पक्षधरहरूले प्रदेश सरकारलाई सुरक्षा व्यवस्थापनमा भूमिका दिनुपर्ने तर्क राख्छन्। स्थानीय आवश्यकता स्थानीय सरकारले राम्रोसँग बुझ्ने भएकाले सुरक्षा नीति पनि विकेन्द्रीकृत हुनुपर्ने उनीहरूको भनाइ छ। यो तर्क पूर्णतः अस्वाभाविक होइन। तर सुरक्षा व्यवस्थापनमा भूमिका दिनु र प्रहरी संगठनमाथिको पूर्ण नियन्त्रण हस्तान्तरण गर्नु एउटै कुरा होइन। विश्वका विभिन्न संघीय मुलुकहरूको अनुभव पनि सन्दर्भयोग्य छ। संयुक्त राज्य अमेरिका, जर्मनी, अस्ट्रेलिया वा भारतजस्ता मुलुकहरूमा सुरक्षा संरचनाहरू संघीय र प्रादेशिक तहमा विभाजित भए पनि त्यहाँको प्रशासनिक परिपक्वता, कानुनी परम्परा, संस्थागत नियन्त्रण र जवाफदेहिताका संयन्त्र अत्यन्त बलिया छन्। नेपालमा भने संघीयता स्वयं नयाँ अभ्यास हो। प्रदेश प्रशासनको संस्थागत क्षमता अझै निर्माणकै चरणमा छ। त्यसैले विकसित संघीय मुलुकहरूको संरचना जस्ताको तस्तै अनुकरण गर्नु व्यावहारिक समाधान नहुन सक्छ। अर्को महत्वपूर्ण पक्ष वर्तमान राष्ट्रिय सुरक्षा अवस्था पनि हो। नेपाल राजनीतिक रूपमा स्थिर देखिए पनि सामाजिक र आर्थिक चुनौतीहरू गम्भीर छन्। बेरोजगारी, वैदेशिक पलायन, सीमापार अपराध, साइबर अपराध, मानव बेचबिखन, लागूऔषध कारोबार र सामाजिक ध्रुवीकरण जस्ता चुनौतीहरू निरन्तर बढिरहेका छन्।

यस्ता चुनौतीहरूको सामना गर्न एकीकृत सूचना प्रणाली, एकीकृत अनुसन्धान संरचना र राष्ट्रिय स्तरको समन्वय अत्यन्त आवश्यक हुन्छ। यदि सुरक्षा संरचनाहरू राजनीतिक वा प्रशासनिक रूपमा अत्यधिक विभाजित भए भने समन्वयको चुनौती झन् जटिल बन्न सक्छ। यसको अर्थ प्रदेशलाई कुनै भूमिका नै नदिने भन्ने होइन। संघीयताको मर्मअनुसार प्रदेश सरकारहरूलाई सुरक्षा नीतिको कार्यान्वयन, सामुदायिक प्रहरी कार्यक्रम, विपद् व्यवस्थापन, स्थानीय अपराध नियन्त्रण तथा सुरक्षा समन्वयमा महत्वपूर्ण जिम्मेवारी दिन सकिन्छ। प्रदेशस्तरीय सुरक्षा परिषद्हरूलाई प्रभावकारी बनाउन सकिन्छ। प्रहरी सेवा प्रवाहलाई स्थानीय आवश्यकताअनुसार सुधार गर्न सकिन्छ। तर प्रहरीको भर्ती, तालिम, बढुवा, अनुशासन र राष्ट्रिय कमान्ड संरचनालाई संघीय तहमा कायम राख्नु वर्तमान सन्दर्भमा बढी उपयुक्त देखिन्छ। वास्तवमा अहिलेको बहसको केन्द्रबिन्दु अधिकारभन्दा पनि विश्वासको प्रश्न हो। जबसम्म प्रदेश सरकारहरूले सुशासन, पारदर्शिता र प्रशासनिक निष्पक्षतामाथि नागरिकको बलियो विश्वास स्थापित गर्न सक्दैनन्, तबसम्म सुरक्षा जस्तो संवेदनशील क्षेत्रको पूर्ण जिम्मेवारी हस्तान्तरणप्रति शंका रहिरहनेछ। लोकतन्त्रमा संस्थामाथिको विश्वास कानुनी व्यवस्थाले मात्र होइन, व्यवहारले निर्माण गर्छ। राष्ट्रिय संस्थाहरूको महत्व संकटका बेला झन् स्पष्ट हुन्छ। कुनै पनि राष्ट्रको शक्ति केवल भौतिक पूर्वाधारमा आधारित हुँदैन; त्यसका संस्थाहरूको विश्वसनीयतामा आधारित हुन्छ। न्यायालय, सेना, निर्वाचन आयोग र प्रहरीजस्ता संस्थाहरूले नागरिकको विश्वास जोगाइराख्न सके भने मात्र लोकतान्त्रिक व्यवस्था दीर्घकालीन रूपमा स्थिर रहन्छ। नेपाल प्रहरीलाई सुधार आवश्यक छैन भन्ने होइन। आधुनिक प्रविधि, अनुसन्धान क्षमता, मानव स्रोत व्यवस्थापन, आन्तरिक अनुशासन र जनउत्तरदायित्वका क्षेत्रमा व्यापक सुधार आवश्यक छन्। तर सुधारको नाममा संस्थाको राष्ट्रिय चरित्रलाई कमजोर बनाउने निर्णयले अपेक्षित परिणाम दिनेछ भन्ने सुनिश्चितता छैन। संविधानले दिएको अधिकारको सम्मान गर्दै, संघीयताको मर्मलाई आत्मसात् गर्दै र राष्ट्रिय सुरक्षाको संवेदनशीलतालाई केन्द्रमा राख्दै सन्तुलित समाधान खोज्नु आजको आवश्यकता हो। प्रदेशलाई सहभागिता र समन्वयको पर्याप्त अधिकार दिइनुपर्छ, तर राष्ट्रिय सुरक्षाको मेरुदण्ड बनेको प्रहरी संगठनलाई राजनीतिक प्रतिस्पर्धा र प्रशासनिक प्रयोगको विषय बनाइनु हुँदैन।

संघीयता सफल बनाउन राज्यका संरचनाहरूलाई बलियो बनाउनु आवश्यक छ, कमजोर होइन। प्रहरीलाई प्रदेशको पूर्ण नियन्त्रणमा दिने निर्णयले यदि राष्ट्रिय सुरक्षा, संस्थागत तटस्थता र सार्वजनिक विश्वासमाथि प्रश्न उठाउने सम्भावना राख्छ भने त्यसबारे गम्भीर पुनर्विचार आवश्यक छ। लोकतन्त्रमा अधिकार महत्वपूर्ण हुन्छ, तर अधिकारभन्दा ठूलो कुरा त्यसको जिम्मेवार प्रयोग हो। आजको नेपालको सन्दर्भमा प्रहरी संगठनलाई राष्ट्रिय चरित्रसहित कायम राख्दै सुधार र समन्वयको बाटो रोज्नु नै अधिक विवेकपूर्ण विकल्प देखिन्छ।





प्लान्ट कोरेन्टाइन कार्यालय
भिठ्ठामोड महोत्तरी, मधेश प्रदेश

दिगो प्राकृतिक श्रोतहरूको व्यवस्थापन बढाऔं :

- जलवायु उत्थानशील भूउपयोग क्रियाकलापहरु लागु गरौं ।
- प्राकृतिक वनहरुको संरक्षण तथा पारिस्थितीक प्रणाली सुधार गरौं ।
- नदी प्रणालीमा रहेका प्राकृतिक वन र रुखहरुले ढाकेको क्षेत्र पुर्नस्थापन तथा व्यवस्थित बनाऔं ।

चुरे उत्थानशिल योजना
बर्दिवास महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

पशुपंक्षीहरुमा लाग्ने महामारी रोग विरुद्ध खोप, परजिवी नियन्त्रण, घाँसखेती, बीमा, पशु कल्याण लगायतका असल पशुपंक्षी पालन अभ्यास अपनाई उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरौं ।

पशु कोरेन्टाइन कार्यालय
भिठ्ठामोड महोत्तरी, मधेश प्रदेश


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday